## पोका

**आकस्मिक बेलामा कामलाग्ने सामानहरुको पोका बनाउनुहोस**

### आकस्मिक बेलामा चाहिने समानहरुको तालिका

- ☐ ब्याट्रीबाट चल्ने रेडियो र जगेडा ब्याट्रीहरु
- ☐ टर्च र जगेडा ब्याट्रीहरु
- ☐ मैन बत्तीहरु, लाईटर र पानी नपस्ने सलाईहरु
- ☐ थुनिएको भाँडामा पानी(हरेक व्यक्तीको लागि १० लिटर)
- ☐ नबिग्रने खानाहरु - ३-४ दिनलाई पुग्ने
- ☐ सानो ग्याँस स्टोभ ग्याँसको साथ
- ☐ क्यान खोल्ने ओपनर र औजारहरु
- ☐ खल्तीको कम्बिनेसन चक्कु
- ☐ प्राथमिक उपचारका सामान र निर्देशिका
- ☐ औषधी
- ☐ दाँत माझ्ने र नुहाउने सामानहरु
- ☐ फेर्ने लुगा र बलियो जुत्ता
- ☐ बालबालिका, बृद्ध र असक्तहरुलाई चाहिने विषेश प्रकारका सामानहरु
- ☐ घर पालुवा जनावरका खानेकुरा, पानी र अन्य जनावरलाई चाहिने सामानहरु
- ☐ नगद पैसा (ATMs उपलब्ध नहुन पनि सक्दछ)
- ☐ व्यक्तिगत कागजपत्रहरु (बीमा प्रमाणपत्र, फोटहरु ईत्यादि)
- ☐ बलियो प्लास्टिक झोला (लुगा र बहुमुल्य सामानहरुको ईत्यादी)
- ☐ आकस्मिक फोन नंम्बरहरु




## पोका

**आकस्मिक बेलामा कामलाग्ने सामानहरुको पोका बनाउनुहोस**

### वर्तमान ज्ञानको खबरको लागि तपाई स्थानिय रेडियो स्टेशन सुन्नुहोला

ABC क्रेनस् ८०१ AM, १०६.७ र ९५.५ FM
ABC क्रेनस् (मोसमन र पोर्ट डगलस) ६३९ AM, ९०.१ FM
जिङ्क क्रनस् १०२.७ FM
4CA AM ८४६ AM
हट FM १०३.५ FM
सि FM ९९.५ FM
4AM पोर्ट डगलस १४२२ AM
पोर्ट डगलस FM ९०.९ FM

**www.cairns.qld.gov.au/disaster**

### काउनसिलको आकस्मिक सम्पर्कहरु

| | |
|---|---|
| आँधी आउनु अगाडीको जानकारीको लागि | ४०४४ ३०४४ |
| आँधी आए पछीको जानकारीको लागि | ४०४४ ३३७७ |

हुरी जस्ता बित्यासको बारेमा जानकारी लिनको लागि यदि तपाईलाई दोभाषेको जरुरी परेमा, कृपया Translating and Interpreting Service (TIS National on 131450) मा फोन गर्नुहोला र क्रेन रिजनल काउनसिल को ४०४४३०४४ मा फोन गर्नको लागि भन्नुहोस।

**Disaster Coordination Centre लाई फेसबुक र ट्विटरमा हेर्नुहोला**

Facebook & Twitter

**For emergencies call 000 directly.**

उनिहरुले तपाईको लागि दोभाषेको बन्दोबस्तो गरिदिन्छन्।

### अन्य आकस्मिक सम्पर्कहरु

| | |
|---|---|
| प्रहरी / एम्बुलेन्स/आगो | ००० |
| State Emergency Service (SES) | १३२ ५०० |
| ईरगोन ईनर्जी | १३२ २९६ |
| मेन रोड | १३१ ९४० |

सानो कदमले एउटा संसारमै फरक पारिदिन सक्छ। पुनर्प्रशोधित कागज

योजना पोका सुन्नुहोस

# आँधीको लागि तयारी

## बासिन्दाहरु र पाहुनाहरुको लागि जानकारी

### योजना
एउटा घरयासी आकस्मिक बेलाको लागि योजना बनाउनुहोस

+

### पोका
आकस्मिक बेलामा कामलाग्ने सामानहरुको पोका बनाउनुहोस

+

### सुन्नुहोस
जानकार रहनुहोस

Cairns Regional Council

## एउटा आँधी (cyclone) के हो?

आँधी एउटा तीव्र अत्याधिक बलियो बतासको र ठूलो पानी र अत्याधिक सम्पतीहरुको ध्वस्त गर्दै साथ आउने तुफान हो। एउटा 'नेत्र' अथवा आँधीको केन्द्र हल्का हावा र खुल्ला आकाश तिर बने को हुन्छ। यद्दपी याद गर्नुहोस् कि यो आँधीको अन्त्य होईन, किनकी अन्य दिशा बाट धेरै बलियो हुरी आऊँने छ। भित्रै बस्नुहोला!

## आँधीको प्रकारहरु

| वर्ग | ज्यादै बलियो झोक्का | अनौठो असर |
|---|---|---|
| १ | १२५ kph भन्दा कम | न्यूनतम घरहरुको नोक्सानी; केही खेतीबाली, रुखहरु र क्याराभ्यानहरुको नोक्सानी, कलाहरुलाई कडा ध्वनीका साथ नष्ट गर्दछ। |
| २ | १२५ -१७० kph | सानोतिनो घरहरुको नोक्सानी; साईनहरु, रुखहरु र क्याराभ्यानहरु को अत्याधीक नोक्सानी केही खरतीबालीको अत्याधिक नोक्सानी, बत्ती जाने खतरा, साना कलाहरुलाई कडा ध्वनीका साथ नष्ट गर्दछ। |
| ३ | १७०-२२५ kph | केही छाना र घरहरुको खास बनोटको नोक्सानी; केही क्याराभ्यान र खरतीबालीको नोक्सानी; बत्ती जाने संम्भावना। |
| ४ | २२५-२८० kph | प्रायजसो छाना र घरहरुको खास बनोटको नोक्सानी; धेरै क्याराभ्यानहरु नष्ट र उडाएर लाने, र खतरनाक गडगडाहक; जतातते बत्ती जाने। |
| ५ | २८० kph भन्दा बढी | एकदमै खतराका साथ जतातते क्षती हुने। |



## आँधीको अनुमान

जलवायु विज्ञान विभागले आँधीको भविष्यबाणी आँधी आउने भन्दा ४८ घण्टा अगाडी गर्दछ। जानकारीहरु हरेक ६ घण्टाहरुमा गराईउहन्छ।

## आँधीको चेतावनी

एउटा आँधीको चेतावनी बलियो हतासको अनुमान गर्नासाथ सामुद्रिक तटका र टापुका बासिन्दाहरुलाई २४ घण्टा भित्रमा जानकारी गराईन्छ। यसले कहाँ आँधी आउँदछ, यसको गतिबिधी, कति बलियो र खतरा भएको क्षेत्रहरुको अनुमानको अविष्यबाणी गरिन्छ। घना वर्षा, बाढी र हुरीको भविष्यबाणी जहाँ जहाँ आवश्यक हुन्छ त्यहाँ गरिन्छ।

बासिन्दाहरु र पर्यटकहरुले उनिहरुको आफनो जीवनको र सम्पत्तीको सुरक्षाको लागि आवश्यक कदम चाल्नु पर्दछ।

# योजना

## एउटा घरयासी आकस्मिक बेलाको लागि योजना बनाउनुहोस

### आँधी आउनु अगाडी

- तपाईको रेडियो सुन्नुहोला(तपाई संग जगेडा ब्याट्री रहेको पक्का गर्नुहोला)
- तपाईको आकस्मिक बेला चाहिके सामानहरु फेलापार्ने स्थानमा र नजिक भए नभएको हेर्नुहोला
- बाहिरका सबै मेच टबुलजस्ता सामानहरु प्याक गर्नुहोला र बाँध्नुहोला
- झ्याल/ढोका काठको फल्याकले ढाक्नुहोला, अथवा शिसाका झ्यालहरुलाई मास्किङ टेपले बाँधेर सबै ढोकाहरु बन्द गर्नुहोला
- तपाईको सवारी साधनमा तेल ग्यासहरु भरि भएको निश्चय गर्नुहोला र सके सम्म ढाकिएको स्थानमा पार्क गर्नुहोला
- तपाईको डुंङ्गा र क्याराभ्यानहरु ग्यारेजमा राख्नुहोला, अथवा यदि नभए, लङ्गरको अड्काउने स्थानलाई ख्याल गर्दै बलियो डोरीले बाँधेर सुरक्षित राख्ने पक्का गर्नुहोला
- क्याराभ्यान र टेन्ट बाट टाढै रहनुहोला
- यदि उक्त क्षेत्रमा घुम्न आउनु बएको छ भने तपाईको आवास दिनेहरुसंग तपाईहरुले के गर्नु पर्दछ र कहाँ जान सक्नुहुन्छ भन्ने बारे कुरा गर्नुहोला
- पिउने भाडोहरु र बाथटब र वीलीहरु पानीले भर्नुहोला - यदि पानीको आपुर्तिमा असर परेमा त्यो पानी चर्पीमा फ्लस गर्न हुन्छ
- बत्ती गएको अवस्थाको लागि पानी जमाएर राख्नुहोला
- महत्वपूर्ण कागजपत्र र बहुमुल्य बस्तुहरु प्लास्टिकको ब्यागमा अथवा पानी नपस्ने भाँडोमा राखी सुरक्षित स्थानमा राख्नुहोला
- काममा नआएका बिजुलीका साधनहरु निभाएर वा प्लग निकालेर राख्नुहोला

### आँधीको बेला

- सम्पूर्ण चेतावनी र सुझावकोलागि ब्याट्रीबाट चल्ने रेडियो सुनीरहनुहोला
- भित्रै बस्नुहोला र तपाई र तपाईको परिवारलाई निर्धक्क राख्नुहोला
- घरको सबैभन्दा बलियो भागमा छहारी लाग्नुहोला, यो प्रायजसो नुहाउने स्थान, चर्पी वा हलवे हुन्
- म्याट्रेस र ब्ल्याङ्केटले तपाईलाई बचाउन सक्दछ
- आँधीको नेत्र/केन्द्र बाट सावधान हुनुहोला - भित्रै रहनुहोला!

### आँधी पछी

- औपचारिक रुपमा रेडियोमा आँधी सकियो नभनुन्जेल भित्रै बस्नुहोला
- बिजुलीका तारहरु खस्ने स्थानबाट टाढै रहनुहोला ! सँधै बिजुलीका तारहरुमा करेन्ट रहेको अनुमान लगाउनुहोला
- बाढीको पानीबाट टाढै रहनुहोला

## हुरी बतासको लहर के हो?

आँधीको साथमा हुरी बतासको लहर सामुन्द्रिक सतहमा बढ्दछ।

हुरी बतासको लहर कडा बतासको कारणले सामुन्द्रिक सतहलाई धकालेर साधारण हावाको प्रेसरबाट हुन्छ। जब आँधी तट क्षेत्रमा पुग्दछ, भयानक हुरीले समुन्द्रलाई उडाउनेछ र पानीको छाल तल्लो पटिको तटिय ईलाकामा बाढी को रुपमा जान्छ, भवनहरुलाई नोक्सानी पुर्याउँदै भाग्ने बाटोहरु समेत रोकिदिन्छ।

क्रेन क्षेत्रिय परिषदको लागि हुरी बतासले असर पार्ने क्षेत्र देखाउने नक्शाहरु परिषदको वेभसाईट

www.cairns.qld.gov.au/disaster

गई प्राप्त गर्न सक्नुहुनेछ।

## विरेचन प्रकृयाहरु

- यद्दपी तपाईलाई वेरेचनको लागि सुझाव नदिए सम्म, सँधै भित्रै बसि रहनुहोला र तपाई आफू र तपाईको परिवारलाई निर्धक्क राख्नुहोला
- विरेचन जानकारीको लागि तपाईको रेडियो सुनिरहनुहोला
- यदि तपाई आँधीबेरीले सताउने ईलाकामा हुनुहुन्छ भने, तपाईलाईपरिचारका साथ 'अग्लो स्थान' मा थप अस्थायी आवासको व्यवस्थास्था गर्न प्रहोत्साहन दिईन्छ, यदि वरेचन हुनु परेमा
- यदि तपाई विरेचित हुनु परेमा, आकस्मिक सेवाका कामदारहरुले तपाईलाई सुरक्षित स्थानमा जानको लागि ढोकामा आई ढकढक्याउँदछ
- विकल्प नहुनेहरुको लागि परिषदले विरेचन केन्द्रहरुको स्थापना गरदिएका छन्। तिनिहरुले घरपालुवा पशु, रक्सी अथवा हतियारहरु निषेधित गर्दछ
- छादनु अगाडी काममा नआएका बिजुलीका साधनहरु निभाएर वा प्लग निकालेर राख्नुहोला
- यदि संभव भएमा आकस्मिक साधनहरु तन्नाहरु र तौलियाहरु साथमा लैजानुहोला

## आँधीको बारेमा थप जानकारीको लागि, परिषदको वेभसाईटमा हेर्नुहोला

www.cairns.qld.gov.au/disaster

